# अत्यावश्यक सामाग्रीहरु बिक्री गर्ने
# व्यवसायी ले अपनाउनु पर्ने कुराहरु





- सेवा संचालन गर्दाको समयमा व्यवसायीले अनिवार्य रुपमा मास्क लगाउने र स्यानिटाइजरको प्रयोग गर्ने एवम् ग्राहकलाई समेत उपलब्ध हुने गरी देखिने ठाउँमा स्यानिटाइजर राख्ने,
- उपभोक्ताहरुलाई सेवा प्रदान गर्दा कम्तिमा २ मिटरको भौतिक दुरी कायम गर्ने गरी व्यवस्था मिलाउने,
- सकेसम्म ग्राहकबाट प्राप्त पैसा छुट्टै बट्टामा राख्ने,
- व्यवसायीहरुले लेनदेनमा सम्भव भएसम्म विद्युतिय बैंकिङ्ग कारोवार गर्ने,
- व्यवसायी तथा ग्राहकले प्रयोग गरेको मास्क, टिस्यु पेपर लगायतका वस्तुहरु बिसर्जन गर्नको लागि छुट्टै भाँडा राख्ने र सुरक्षित रुपमा बिसर्जन गर्ने,



- ठूला व्यवसायिक क्षेत्रमा अनिवार्य रुपमा हात धुने स्थानको व्यवस्था गर्ने,
- अनावश्यक वस्तुहरूको सतह नछुने र ग्राहकलाई समेत छुन नदिने,
- पसल क्षेत्रमा अनावश्यक व्यक्तिको प्रवेश निषेध गर्न आवश्यक छेकवार लगाउने,
- पसल तथा व्यवसायिक क्षेत्रमा रहेका भवनका ढोका, रेलिङ्ग तथा हेन्डलहरुमा नियमित रुपमा कम्तिमा दिनको २ पटक (पसल खोल्नु अघि र दिउँसोको समयमा) क्लोरिनको झोल प्रयोग गरी किटाणु रहित बनाउने,
- कसैलाई कोभिड–१९ भएको शंका लागेमा पनि भेदभाव रहित ढंगबाट सुरक्षाको पूर्ण सावधानी अपनाउँदै सेवा प्रदान गर्ने,
- पसल तथा व्यवसायिक क्षेत्रमा जथाभाबी नथुक्ने र उपभोक्तालाई समेत नथुक्न अभिप्रेरित गर्ने,
- दीर्घरोगी, वृद्धवृद्धा, गर्भवती महिलाहरुलाई विशेष सावधानी अपनाई सेवा दिने ।

**“हामी सबै मिलेर कोभिड १९ लाई परास्त गरौं ।”**

USAID
अमेरिकी जनताबाट

Strengthening Systems for Better Health Activity
स्वास्थ्यको लागि सक्षम प्रणाली

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र